मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

३ नं. प्रदेश, नेपाल

visit Nepal 2020 Lifetime Experiences

फोनः-०४८-५४०११२

प.सं.:-०७६/७७

च.नं.:-

मिति : २०७६।०८।१८

## सुरक्षित आप्रवासन कार्यक्रमको लागि कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०७६।०८।१८ गते, बुधवार)

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको परियोजना सम्झौता अनुसार नेपाल सरकारबाट चालु आ.व.मा प्राप्त रोजगार प्रर्बद्धन कार्यक्रम तर्फ **रामेछाप जिल्लामा** सुरक्षित वैदेशिक रोजगार सम्बन्धि आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा **मन्थली नगरपालिका** एवं **उमाकुण्ड, दोरम्बा र सुनापति गाउँपालिका**मा सुरक्षित आप्रवासन **(Safer Migration)** सम्वन्धि कार्यक्रमहरु सञ्चालन गर्न निम्नानुसार जनशक्ति करारमा पूर्ति गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् २०७६ पौष २ गते कार्यालय समयभित्र तल उल्लेखित पदहरुका लागि दरखास्त आब्हान गरिएको छ ।

१. पद : **मनोसामाजिक परामर्शकर्ता : ४ जना** (मन्थली न.पा-१, उमाकुण्ड गा.पा-१, दोरम्बा गा.पा- १ र सुनापति गा.पा- १)

- **आवश्यक न्यूनतम योग्यता तथा अनुभव :**
  - प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएको ।
- **दरखास्त दिने स्थान :** काम गर्न चाहेको स्थानीय तह ।
- **काम गर्नुपर्ने स्थान :** दरखास्त पेश गरेको स्थानीय तह ।
- **तलव तथा अन्य सुविधा :** सम्वन्धित स्थानीय तहले तोके वमोजिम ।

२. पद :**बित्तीय साक्षरता सहजकर्ता : ४ जना** (मन्थली न.पा-१, उमाकुण्ड गा.पा- १, दोरम्बा गा.पा- १ र सुनापति गा.पा- १)

- **आवश्यक न्यूनतम योग्यता तथा अनुभव :**
  - प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको कार्यानुभव भएको ।
- **दरखास्त दिने स्थान :** काम गर्न चाहेको स्थानीय तह ।
- **काम गर्नुपर्ने स्थान :** दरखास्त पेश गरेको स्थानीय तह ।
- **तलव तथा अन्य सुविधा :** सम्वन्धित स्थानीय तहले तोके वमोजिम ।

- ३. पद : **रिटर्नी स्वयंसेवक : १२ जना** (उल्लेखित कार्यक्रम लागू भएका प्रत्येक स्थानीय तहमा तीन/तीन जना)

- **आवश्यक न्यूनतम योग्यता तथा अनुभव :**
  - न्यूनतम् कक्षा १० उत्तीर्ण गरी वैदेशिक रोजगारका लागि खाडी मुलुक (साउदी अरब, कतार, बहराईन, ओमन, यू.ए.ई र कुवेत) र मलेसियामा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको ।
- **दरखास्त दिने स्थानः** काम गर्न चाहेको स्थानीय तह ।

(प्रा.)

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

३ नं. प्रदेश, नेपाल

फोनः-०४८-५४०११२

प.सं.:-०७६/७७

च.नं.:-

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप ३ नं. प्रदेश नेपाल

- **काम गर्नु पर्ने स्थानः**
  - **मन्थली नगरपालिकाः** वडा नं. १, २, ३, ४, ५ मा १ जना, ६, ७, ८, ९, १० मा १ जना र ११, १२, १३, १४ मा १ जना ।
  - **उमाकुण्ड गाउँपालिकाः** वडा नं. १,२ मा १ जना, ३, ४, ५ मा १ जना र ६, ७ मा १ जना ।
  - **दोरम्बा गाउँपालिकाः** वडा नं. १, २ मा १ जना, ३, ५ मा १ जना, ४,६, ७ मा १ जना ।
  - **सुनापति गाउँपालिकाः** वडा नं. १,२ मा १ जना, ३, ५ मा १ जना र ४ मा १ जना ।
- **तलव तथा अन्य सुविधा :** सम्वन्धित स्थानीय तहले तोके बमोजिम ।
- रिटर्नी स्यवंसेवक पदमा दरखास्त दिने व्यक्तिले जुन वडाको लागि दरखास्त दिने हो सोही वडाको नागरिक हुनुपर्नेछ ।

**सेवा अवधि :** २०७७ अषाढ मसान्त सम्म (आगामी आ.वमा परियोजनाको लागि बजेट व्यवस्था भएमा कार्यसम्पादन स्तरको आधारमा सेवा अवधि थप गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु :** आफुले आवेदन गर्न चाहेको पद र स्थानीय तह (रिटर्नी स्वयंसेवकको हकमा वडा नं समेत) प्रष्ट रुपमा खुलाएको निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, सम्बन्धित तालिमको प्रमाण पत्रको प्रतिलिपिहरु र कम्तीमा २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण (CV), सम्वन्धित स्थानीय तहमा तोकिएको दस्तुर बुझाएको भर्पाइ तथा अन्य सम्वन्धित कागजपत्रहरु ।

**छनौट प्रक्रिया** : संक्षिप्त सूचि, अर्न्तवार्ता र प्रस्तुतीकरण ।

- **सम्वन्धित कामको अनुभव भएका, माथिल्लो शैक्षिक योग्यता भएका, कम्प्यूटर सम्वन्धि ज्ञान भएका, महिला, दलित, जनजाती र स्थानीयलाई प्राथमिकता दिईनेछ ।**

**दरखास्त दस्तुर :** मनोसामाजिक परामर्शकर्ता र बित्तिय साक्षरता सहजकर्ताको लागि रु.५००। र रिटर्नी स्वंयसेवकको लागि रु.३००।

**उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

- **कर्मचारी छनौटका अन्य प्रकृया सम्वन्धित स्थानीय तहले निर्धारण गरे वमोजिम हुनेछ र छनौट कार्यका लागि आवश्यक खर्च सम्वन्धित स्थानीय तहले नै ब्यहोर्ने छ ।**
- **कर्मचारी छनौट सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा सम्वन्धित स्थानीय तहको निर्णय अन्तिम हुने छ ।**

*विस्तृत जानकारीको लागि सम्वन्धित स्थानीय तहमा सम्पर्क राख्न सकिनेछ ।*

०७६/०८/१८

उपसचिव (प्रा.)

प्रमुख प्रशासकीय अधिकृत